# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, पुस २१ गते, २०७९ साल (संख्या ८

## भाग ३

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको सूचना

### कानूनी राय सम्बन्धी निर्देशिका, २०७९

**प्रस्तावनाः** मुख्य न्यायाधिवक्तासँग लिने कानूनी रायलाई सरल, व्यवस्थित र अभिलेखवद्ध बनाउन वाञ्छनीय भएकोले,

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा १६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "कानूनी राय सम्बन्धी निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई सम्झनु पर्छ।

(ख) "कार्यालय प्रमुख" भन्नाले सम्बन्धित निकायको प्रमुख भई काम काज गर्ने अधिकारीलाई सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले गण्डकी प्रदेशलाई सम्झनु पर्छ।

(घ) "राय" भन्नाले मुख्य न्यायाधिवक्ताले कुनै कानूनी वा संवैधानिक प्रश्न समावेश भएको विषयमा दिईएको कानूनी रायलाई सम्झनु पर्छ।

(ङ) "मुद्दा" भन्नाले प्रचलित कानून बमोजिम अदालतमा दायर भएको विवादित विषयलाई सम्झनु पर्छ।

(च) "तोकिदिएको अधिकारी" भन्नाले प्रदेश सरकारले मुख्य न्यायाधिवक्तासँग कानूनी राय माग गर्न कुनै अधिकारी तोकिदिएको भएमा सो अधिकारीलाई सम्झनु पर्छ।

(छ) "कार्यालय" भन्नाले प्रदेश सरकार अन्तर्गतका विभाग, तालिम केन्द्र, निर्देशनालय र सो अन्तर्गतका निकायहरूलाई सम्झनु पर्छ।

## परिच्छेद -२
## कानूनी राय सम्बन्धी व्यवस्था

३. **कानूनी राय माग गर्न सक्नेः** (१) ऐनको दफा ७ बमोजिम गण्डकी प्रदेश सरकार र प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै पनि संवैधानिक वा कानूनी विषयमा कानूनी राय माग गर्न सक्नेछन।

(२) कार्य सम्पादनको क्रममा निर्णय वा कार्यमा कुन कुन कानूनले द्विविधा वा अप्ठ्यारो परेको स्पष्ट खुलाई राय माग गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम राय माग गर्दा सम्बन्धित कार्यालय प्रमुख वा तोकिदिएको अधिकारीले मात्र माग गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम राय माग गर्दा सम्बन्धित कार्यालय प्रमुख वा तोकिदिएको अधिकारीले राय माग गरिएको विषय स्पष्ट खुलाई सम्बन्धित सक्कलै फाईल संलग्न राखी आफ्नो राय समेत उल्लेख गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको राय माग गर्दा अनुसूची बमोजिमको ढाँचामा विवरणहरू उल्लेख गर्नु पर्नेछ।

४. **कानूनी राय दिनु अघि विचार गर्नुपर्ने कुराहरूः** (१) दफा ३ बमोजिम राय माग गरेकोमा मुख्य न्यायाधिवक्ताले राय दिनु अघि देहायका कुराहरु बिचार गर्नु पर्नेछः-

(क) राय माग गर्ने पदाधिकारी कार्यालय प्रमुख वा तोकिदिएको अधिकारी भए नभएको,

(ख) राय माग गरिएको विषयमा कानूनी वा संवैधानिक प्रश्न समावेश भएको वा नभएको,

(ग) राय माग गरिएको विषयसँग सम्बन्धित विवरण फाईल संलग्न गरी पठाएको वा नपठाएको,

(घ) अन्य कुनै अधिकारी वा कार्यालयको समेत राय लिनुपर्ने वा अन्य कुनै प्रक्रिया पूरा गर्नु पर्ने भएमा सो राय लिएको वा त्यस्तो प्रक्रिया पूरा गरेको वा नगरेको,

(ङ) राय माग गर्ने सम्बन्धित कार्यालय प्रमुख वा तोकिदिएको अधिकारीले राय माग गरेको विषयमा आफ्नो तथा विभागीय स्पष्ट राय वा दृष्टिकोण उल्लेख नगरी राय माग गरेको वा नगरेको,

(च) कुनै अदालतमा विचारधीन मुद्दाका सम्बन्धमा राय माग गरिएको हो वा होइन।

(२) उपदफा (१) र यस निर्देशिका बमोजिको रित वा ढाँचा बमोजिम कानूनी राय माग भई आएको नदेखिएमा रित र ढाँचा पुऱ्याई आएमा पुनः राय दिने गरी सम्बन्धित निकायमा फाईल फिर्ता पठाउन सकिनेछ।

५. <u>कानूनी राय दिन इन्कार गर्न सक्नेः</u> मुख्य न्यायाधिवक्ताले देहायको अवस्थामा राय दिन इन्कार गर्न सक्नेछः-

(क) राय माग गर्ने निकाय गण्डकी प्रदेश सरकार अन्तर्गतको निकाय नभएमा,

(ख) राय माग गर्ने अधिकारी कार्यालयको प्रमुख वा तोकिदिएको अधिकारी नभएमा,

(ग) राय माग गरिएको विषयमा स्पष्ट रूपमा कानूनी वा संवैधानिक प्रश्न समावेश नभएमा,

(घ) राय माग गरिएको विषयसँग सम्बन्धित कागजातहरू संलग्न फाइल प्राप्त नभएमा,

(ङ) सोही विषयमा पटक-पटक राय दिईसकेको भएमा,

(च) राय माग गरिएको विषयमा सम्बन्धित अधिकारीको दृष्टिकोण उल्लेख नभएमा,

(छ) प्रशासनिक वा नीतिगत विषयमा राय माग गरिएको भएमा,

(ज) अदालतमा विचाराधीन मुद्दामा राय माग गरिएको भएमा।

६. <u>कानूनी राय दिने सम्बन्धी व्यवस्थाः</u> (१) कार्यालय प्रमुख वा तोकिदिएको अधिकारीबाट माग भएको विषयमा राय दिनुपर्ने भएमा मुख्य न्यायाधिवक्ताले प्रचलित कानूनको अधीनमा रही उक्त विषयमा राय दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मुख्य न्यायाधिवक्ताले राय दिँदा राय माग गरेको विषय र राय दिएको विषय प्रष्ट उल्लेख गरी कार्यालयको पत्र साथ सम्बन्धित कार्यालयमा फाईल फिर्ता पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम मुख्य न्यायाधिवक्ताले दिएको राय सम्बन्धी अभिलेख मुख्य न्यायाधिवक्ताको कार्यालयमा राख्नुपर्नेछ।

## परिच्छेद-३
## विविध

७. **राय माग गरिएको विषय गोप्य हुने:** यस निर्देशिका बमोजिम मुख्य न्यायाधिवक्तासँग राय माग गरिएको विषय र सो सम्वन्धमा मुख्य न्यायाधिवक्ताले दिएको राय गोप्य हुनेछ। साथै निर्णयमा राय उल्लेख गरिने छैन।

८. **राय दिने समयावधि:** यस निर्देशिका बमोजिम कार्यालय प्रमुख वा तोकिदिएको अधिकारीले रितपूर्वक राय माग गरेको अवस्थामा मुख्य न्यायाधिवक्ताले पत्र सहितको फाईल प्राप्त भएको मितिले सामान्यतया सात दिन भित्र राय दिईसक्नु पर्नेछ।

९. **निर्देशिका पालना:** यस निर्देशिकाको उल्लेखित व्यवस्थाको पालना मुख्य न्यायाधिवक्ताको कार्यालय र राय माग गर्ने निकाय वा तोकिदिएको अधिकारीले अनिवार्य रूपमा गर्नु पर्नेछ।

१०. **प्रचलित कानून बमोजिम हुने:** यस निर्देशिकामा उल्लेखित कुनै कुरा प्रचलित नेपालको कुनै कानूनसँग बाझिएमा वा प्रचलित नेपाल कानूनको व्यवस्था वा निर्देशिका कुन पालना गर्ने भन्ने द्विविधा उत्पन्न भएमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

११. **वेवसाईटमा राखिने:** गण्डकी प्रदेश सरकारबाट जारी भएपछि यस निर्देशिकालाई मुख्य न्यायाधिवक्ताको कार्यालयको वेवसाईटमा राखिनेछ।

**अनुसूची**

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

**<u>कानूनी राय माग गर्ने ढाँचा</u>**

१. विवादको संक्षिप्त व्यहोराः ..................................................

२. कानूनी प्रश्नः ....................................................................

३. विभागीय दृष्टिकोण वा रायः ...............................................

४. संलग्न कागजातहरूः (१)...................................................

(२)...................................................

(३)...................................................

आज्ञाले,

रामप्रसाद आचार्य

प्रदेश सरकारको सचिव